रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

## रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ३ मिति : २०८२/०३/२५

## भाग १

## रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन२०७४ ,
को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रंगेली अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धि ऐन २०८२

नगरसभा बाट स्वीकृत मितिः २०८२/०३/१०

# रंगेली अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धि ऐन २०८२

अस्पताल संचालन तथा व्यवस्थापन गर्न बनेको ऐन

**प्रस्तावनाः**-आधारभूत तथा आकस्मिक सेवा पाउने नागरिकको हक कार्यन्वयन गर्न स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी तथा गुणस्तरीय तुल्याई नागरिकको पहुँच स्थापित गर्नको लागि आवश्यक कानुनी व्यवस्था गर्न वान्छिन्य भएकोले रंगेली नगरपलिका, नगरसभाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

प्रारम्भिक

१. **नाम र प्रारम्भः**(१) यस ऐनको नाम **रंगेली अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धि ऐन २०८२** रहनेछ।

२. यो ऐन राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

३. यो ऐन रंगेली अस्पताल भित्र लागुहुनेछ ।

२.**परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)**"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ ।

(ख)**"आधारभूत स्वास्थ्य सेवा"** भन्नाले संघीय जनस्वास्थ्य ऐनमा तोकिएका सुलभ रुपमा निःशुल्क उपलव्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पूनर्स्थापनात्मक सेवा सम्झनु पर्छ।

(ग) **नगरपलिका** भन्नाले रंगेली नगरपालिका सम्झिनु पर्छ।

(घ)**कार्यपालिका** भन्नाले रंगेली नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) **अस्पताल** भन्नाले रंगेली अस्पताल सम्झनु पर्छ

(च) **व्यवस्थापन समिति** भन्नाले दफा १८ बमोजिम गठन भएको अस्पताल संचालन तथा व्यवस्थापन समिति सम्झिनु पर्छ।

(छ)**सलाहकार समिति** भन्नाले दफा २० बमोजिम गठन भएको अस्पताल संचालन तथा व्यवस्थापन समिति सम्झिनु पर्छ।

(ज) **स्वास्थ्यकर्मी** भन्नले रंगेली अस्पताल मातहत सेवा दिने स्थाई तथा करारका कार्यरत स्वास्थ्य सेवाका कर्मचारी सम्झिनुपर्छ

(झ) **मन्त्रालय** भन्नाले संघीय वा प्रदेशको स्वास्थ्य विषय हेर्ने सम्झिनु पर्छ।

(ञ) **प्रशासकीय प्रमुख** भन्नाले रंगेली अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट सम्झनु पर्छ।

(ठ) **विशेषज्ञ सेवा** भन्नाले चिकित्सा शास्त्रमा MD वा MS उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई दिने सेवा सम्झनु पर्छ ।

## परिच्छेद-२

सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व

३.**आधारभूत स्वास्थ्य सेवा**ः अस्पतालले प्रचलित कानुन बमोजिम आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान प्रदानगर्नुपर्ने छ।

४.**आकस्मिक उपचार**ः (१)अस्पतालले सेवाग्राहीको स्वास्थ्य अवस्था र रोगको प्रकृति हेरेर आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सेवा प्रदान गर्न अत्यावश्यक जीवन रक्षक औषधिको भण्डारणको व्यवस्था गर्नु र सो सेवा उपलव्ध गराउनु प्रत्येक स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा उपलव्ध हुन नसकेमा उपलव्ध हुने उपचार तत्काल उपलव्ध गराई थप उपचारको लागि सरकारी स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

तर आर्थिक अभावको कारणले कुनै पनि सेवाग्राहीलाई आकस्मिक उपचार सेवाबाट बन्चित गराउन पाइने छैन ।

५. **विशेषज्ञ सेवा** : (१) नगरपालिकाले सेवाको प्रकृति, भौगोलिक अवस्था तथा रोगको प्रकोपदरको आधारमा आवश्यकता अनुसार राष्ट्रिय मापदण्डको आधारमा अस्पतला मार्फत विशेषज्ञ सेवा तोकिए बमोजिम विस्तार गर्दै उपलव्ध गराउनेछ ।

६. **प्रेषण (रेफरल) सेवा** : (१) अस्पतालले उपचारको लागि आएको विरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो संस्थामा उपलव्ध हुने सेवा प्रदान गरी थप उपचारको लागि तुरुन्त त्यस्तो विरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

७. **गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने** : (१) नगरपालिकाले तोकेको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने दायित्व अस्पतालको हुनेछ ।

८. **सेवाग्राहीको कर्तव्य** :(१)अस्पतालमा वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने, योग तथा शारिरीक व्यायाम गर्ने तथा नियमितस्वास्थ्य परिक्षण गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्ने, रस्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा उपभोग गर्ने,

(ग) स्वास्थ्य संस्थालाई आफ्नो स्वास्थ्य अवस्थासँग सम्बन्धित् यथार्थ जानकारी उपलव्ध गराउने र स्वास्थ्य सेवा लिंदा स्वास्थ्यकर्मीलाई सहयोग गर्ने,

(घ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने,

(ङ) स्वास्थ्यकर्मीप्रति शारिरीक, मानसिक वा लैंगिक हिंसा हुने काम नगर्ने,

(च) सिफारीश गरिएको आंशिक वा पूरा उपचार लिन अस्वीकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा उल्लेख गरी हस्ताक्षर गर्ने,

(छ) दफा ६ को अधिनमा रही स्वास्थ्य संस्थाले प्रेषण गरेको स्वास्थ्य संस्थामा गई सेवा लिने ।

ज) नागरिकले आफ्नो बासस्थान भित्र, बाहिर र वरपरको बाताबरण सफाराख्नु पर्ने छ ।

झ) धूमपान, मदपान,लागु औसध, जंक खानार कर्बोनेटेड पेय पदार्थ जस्ता स्वास्थ्य मा हानी गर्ने कुरा प्रयोग नगर्ने रयस्ताजनस्वास्थ्यमा हानि गर्ने बस्तु बिरुद्ध नागरिक र सरकार बीच सहकार्य गर्ने ।

९. **समान व्यवहार गर्नुपर्ने** : (१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित् स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विरामीको स्वास्थ्यको गम्भीरताको आधारमा अस्पतालले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछ ।

(३) कुनै पनि अस्पतालले कसैलाई निजको उत्पति, धर्म, वर्ण, जात जाती, लिङग, पेशा, यौनिक तथा लैंगिक पहिचान, शारिरीक वा स्वास्थ्य अवस्था, अपाङगता, वैवाहिक स्थिती, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचार, सेवा वा शुल्कमा भेदभाव गर्नुगराउनु हुँदैन ।

१०. **पेशागत आचरण** : स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषदले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नुपर्नेछ ।

११. **अस्पतालको दायित्व** : (१) अस्पतालले योग्य सेवा प्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(२) अस्पताललेले कुनै पनि रोगको संक्रमण नहुने, स्वास्थ्य सस्था बाट उत्पन्नहुने फोहर ब्यबस्थापन र संक्रमण रोक्नेतर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्नेछ ।

(३) अस्पतालले आफुले उपलव्ध गराएको स्वास्थ्य सेवासँग सम्बन्धित् देहायको सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछः-

(क) उपलव्ध स्वास्थ्य सेवा, सो को प्रकृति, लाग्ने अनुमानित समय र लागत,

(ख) कार्यसञ्चालन तालिका, चिकित्सक वा स्वास्थ्यकर्मीको नाम, प्रमाणपत्र नम्बर, समय तालिका,

(ग) गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रवाह गर्दा नागरिक बडापत्र समेत अनिवार्य राख्नु पर्नेछ ।

१२. **सरकारी निकायलाई जानकारी गराउने** :(१) कसैले दुर्घटना वा अन्य कुनै कारणले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफुसंगभएसम्मको उपचारको सेवा प्रदान गर्नु पर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सो को जानकारी तत्काल स्थानीय तह, जिल्ला प्रशासन कार्यालय वा स्थानीय प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले सूचना दिंदा उपचार गरिएको व्यक्ति र निजसँग सम्बन्धित् उपलव्ध भएसम्मको अन्य जानकारी समेत दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त गर्नेसरकारी निकायले सम्बन्धित् व्यक्तिको परिवार, अभिभावकवा संरक्षकको खोजी गरी सो को जानकारी गराउनु पर्नेछ ।

१३. **उजुरी गर्न सक्ने** : उपचारको क्रममा कुनै सेवाग्राहीको स्वास्थ्यउपचारप्रति निजलाई कुनै आशंका भएमा निजले उपचारमा संलग्न स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था विरुद्धतोकिए बमोजिम उजुरी गर्न सक्नेछ ।

## परिच्छेद-३

## स्वास्थ्य प्रणाली र सेवा व्यवस्थापन सम्बन्धी

१४. **औषधिको मूल्य, फार्मेसी र निःशुल्क औषधि सम्बन्धी व्यवस्था**(१) अस्पतालले आफ्नो निशुल्क तथा शशुल्क अस्पताल फार्मेसी संचालन गर्नेछ।उक्त अस्पताल फार्मेसीमा औषधि तथा औषधिजन्य समाग्री साथै सर्जिकल समाग्रीहरु प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

१५. **कोष स्थापना गर्न सक्ने** :(१) अस्पतालले असहाय तथा विपन्न, घर ठेगाना पत्ता नलागेको व्यक्तिहरुको निशुल्क उपचारको व्यवस्था गर्न तोकिए बमोजिम स्वास्थ्य उपचारकोष स्थापना गर्नसक्नेछ।यसरि स्थापना भएका कोषबाट रंगेली अस्पतालमा उपचार असहाय तथा विपन्न, घर ठेगाना पत्ता नलागेको व्यक्तिहरुको निशुल्क उपचार गरि सोको सोधभर्ना अस्पतालले यस कोष बाट लिन सक्नेछ।

१६. **निजि स्वास्थ्य संस्थामा आवद्ध हुन नहुनेः** कुनै चिकित्सक वा स्वास्थ्यकर्मीलेरंगेली नगरपालिका भित्र वा अन्यत्र स्वास्थ्य संस्थामा आवद्ध रही सेवा गर्न पाउने पाउनेछैन ।निजि स्वास्थ्य संस्थामा आवद्ध भएको खण्डमा अनुगमन गर्दा भेटिएमा करार सेवाको हकमा करार भंग हुने र स्थाई कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

१७.**एम्बुलेन्स तथा स्व बहान सञ्चालन सम्बन्धी व्यवस्था** :(१) अस्पतालले आफ्नो स्वामित्वमा रहेको एम्बुलेन्स तथा स्वबाहन संचालन गर्नेछ। यसरि संचालन हुने एम्बुलेन्स तथा स्वबहानको दररेट निर्धारण पालिका स्तरीय एम्बुलेन्स व्यवस्थापनले निर्धारण गरे बमोंजिम हुनेछ

## परिच्छेद – ५

## संरचनात्मक व्यवस्था

१८. **अस्पताल ब्यबस्थापन समितिः** (१)अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न नगरपालिकाले तोकिए बमोजिम अस्पताल ब्यबस्थापनसमितिको गठन गर्नेछ ।

(२) उपदफा १ बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क)नगर प्रमुख वा नगरप्रमुखले तोकेको सम्बन्धित क्षेत्रको अनुभवी व्यक्ति – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अस्पताल हेर्ने प्रशासनीक कर्मचारी – सदस्य

(ग) रंगेली नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य

(घ) नेपाल रेडक्रस सोसाइटीका सम्बन्धित स्थानिय तहको सभापती– सदस्य

(ङ) समाजसेवा वा चिकित्सा क्षेत्रमा अनुभव भएका व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनीत गरेका दुईजना महिला सहित पाँच जना – सदस्य

(च) स्थानीय समाजसेवी, बुद्धिजीवी मध्येबाट नगर कार्यपालिकाले सिफारिस गरेको ३ जना -सदस्य

(छ) अस्पताल रहेको वडाको वडाध्यक्ष – सदस्य

(ज) रंगेली अस्पतालको मेडिकल सुपरिन्डेन्टेन्ट – सदस्य सचिव

(३) समितिको मनोनित अध्यक्ष सहित सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ ।

(४)उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनिपदावधि समितिको अवधि समाप्त भएको ६ महिना भित्र अर्को समिति गठन गरिसक्नु पर्नेछ र समिति गठन नभएको अवधिभर भएकै समितिबाट निरन्तर रुपमा कामकाज गर्न कुनै किसिमको बाधा पर्ने छैन।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा समिति अध्यक्षले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(२) उपदफा (१) बमोजिम गठन हुने अस्पताल ब्यबस्थापनसमितिको काम, कर्तव्य रअधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गराउने,

(ख) अस्पतालको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्था गर्ने,

(ग) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी कार्यपालिका समक्ष पेश गर्ने,

(घ) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने यसरि शुल्क निर्धारण गर्दा सल्लाहकार समितिको सुझाव लिने,

(ङ) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण गर्ने ,

(च) आर्थिक रुपमा असहाय, असक्त तथा विपन्न बिरामी सम्बन्धी मापदण्ड तयार गर्ने,

(छ) आर्थिक रुपमा असहाय, असक्त तथा विपन्न बिरामीको लागि निःशुल्क उपचारको व्यवस्था स्वास्थ्य उपचार कोषबाट मिलाउने

(ज) अस्पतालको बार्षिक/आवधिक प्रतिवेदन नगरपालिकामा पेश गर्ने

(झ) समितिले कार्यरत कर्मचारीको नियमितता, आचरण लगायत बिषयमा अनुगमन गर्ने र कारवाही गर्नुपरे प्रशासन मार्फत गर्ने/गराउने।

(ञ) समितिको बैठक आवश्यकता अनुसार बस्ने,

(ट) रंगेली नगरपालिकाले तोके बमोजिमको अन्य कार्यहरू गर्ने ।

**१९. अस्पताल संचालन तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य– सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना जुनसुकै माध्यमबाट सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा जेष्ठ सदस्य बाट अध्यक्षता ग्रहण गरिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य– सचिवले प्रमाणित गर्नुपर्नेछ ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ, स्थानीय तहका जनप्रतिनिधी वा कुनै अधिकृतलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठकमा उपस्थित पदाधिकारी तथा सदस्यहरुले बैठक बसेको समयको भत्ता र खाजाको सुविधा प्राप्त गर्नेछन ।

(१०) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **सल्लाहकार समितिः**(१) अस्पताललाई सेवाग्राही मैत्री बनाउदै गुणस्तरीय सेवा प्रदान गर्न अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई सल्लाह दिने कार्यको लागि देहाय बमोजिमको सल्लाहकार समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः–

क) अस्पताल रहेको स्थानीय तहको प्रमुख- संयोजक

ख) अस्पताल रहेको स्थानीय तहको उप प्रमुख-सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(३) सल्लाहकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ ः

१. अस्पतालको कर्मचारी प्रशासन, अस्पतालमा रहेका भौतिक सामानको संरक्षण, भौतिक पूर्वाधार निर्माण, सेवा प्रवाह, बजेट व्यवस्थापन, विवाद व्यवस्थापन लगायतका बिषयमा दफा ३ (ग) बमोजिमको समिलिाई सल्लाह सुझाव दिने,

२. संघ, प्रदेश र अन्य निकायसँग सहयोग र समन्वयको लागि सल्लाह प्रदान गर्ने,

२१.**अस्पताल प्रमुखः** प्रमुख प्रशासकीय अधिकृत वा अस्पतालको मेडिकल सुपरिटेण्डेण्टले समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ । प्रशासकीय प्रमुख नगरपालिकाले तोक्नेछ।

२२. कर्मचारी व्यवस्थापन सम्बन्धी व्यवस्थाः (१) अस्पतालमा स्वीकृत स्थायी दरबन्दीमा नगरपालिकाले पदपूर्तिको व्यवस्था मिलाउनेछ ।

(२) अस्पताल विकास समिति तर्फको कर्मचारी व्यवस्थापन र सेवा विस्तार गर्नको लागि एउटा अस्थाई दरबन्दी संरचना कार्यपालिकाबाट पास गरि पदपूर्ति अस्पताल मार्फत पदपूर्ति गर्न सकिनेछ अस्थाई दरबन्दी संरचना नबने सम्मको लागि सेवाको माग र कार्यचापको आधारमा अस्पताल संचालन तथा व्यवस्थापन समिति र नगरपालिकाको बैठकबाट जनशक्ति व्यवस्थापन गर्न बाधा पुग्ने छैन।यसरि अस्थाई दरबन्दीबाट पदपूर्ति हुने गर्ने कर्मचारीको स्थाई हुन् दावी पुग्ने छैन।

२२.**समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकम रहनेछ।

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) समितिले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहेको रकम नेपाल भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको सञ्चालन रंगेली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतकोे संयुक्त दस्तखतबाट संचालन हुनेछ । आवश्यकतानुसार निजहरुले आफुसँग रहेको अधिकार अस्पताल प्रमुख तथा लेखा सम्बन्धी कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन ।

२३. **सम्बन्धित कार्यको लागि रकम खर्च गर्नुपर्नेः** समितिले संघीय वा प्रदेश सरकार तथा स्थानीय तहबाट जुन कामको लागि रकम प्राप्त भएको छ सोही काममा मात्र खर्च गर्नु पर्नेछ ।

२४. **लेखा र लेखा परीक्षणः** (१) समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण रंगेली नगरपालिकाको कार्यालयबाट गरिनेछ ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ।

(४) नगरपालिकाले चाहेमा समितिको आय– व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

२५. **वार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले वर्षभरिमा आफुले गरेको काम कार्वाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र अस्पताल संचालन तथा व्यवस्थापन समितिबाट स्वीकृत गरी नगरकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद – ६

## विविध

२६.**अभिलेख राख्ने** :(१) स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउनु अस्पतालको कर्तव्य हुनेछ।

२७.**प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

२८.**अधिकार प्रत्यायोजन** : अधिकारप्राप्त अधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये तोकिए बमोजिमका अधिकार आफु मातहतकानिकाय वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयनको लागि नगरपलिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३०. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार** :नगरपालिकाले यसऐन वा ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

३१.**सम्पती बिवरण**:प्रत्येक कर्मचारीले नेपाल सरकारको नियमानुसार सम्पति विवरण पेश गर्नुपछ ।

**३२.कर्मचारीले पाउने बिदा**:(१)कर्मचारीले पाउने बिदा कार्यविधि बमोजिम हुनेछ।

**३३.संसोधन, खारेजी र बचाउ**:यो ऐन लागु भएको दिन देखि, अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ र रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधि २०८१ खारेजी हुनेछ।यस ऐन प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम अस्पतालबाट गरिएका नियमनकारी कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।यस ऐनलाई आवश्यकता अनुसार संसोधन गर्ने अधिकार नगर सभामा निहित हुनेछ।

**आज्ञाले**
**प्रदिप शाह**
**प्रमुख प्रशासकीय अधिकृत**